# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

# आ.व. २०८२/०८३

तयार/ पेश गर्ने:

शिक्षा,युवा तथा खेलकुद शाखा

माण्डवी गाउँपालिका

जस्पुर , प्युठान

## वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

### हाम्रो भनाइ

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रतिवद्धता जनाएको छ । विद्यालय शिक्षाको विकासका लागि नेपाल सरकारबाट विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको र प्रदेश तथा स्थानीय तहका सरकारहरुबाट पनि आ-आफ्नो तहबाट शिक्षालाई प्राथमिकतामा राखी कार्यक्रम तथा वजेटको व्यवस्था गरेको अवस्था छ । माण्डवी गाउँपालिकाले विगतका वर्ष देखि नै शिक्षालाई प्राथमिकतामा राखी नीति कार्यक्रम र वजेट व्यवस्था गर्दै आएको छ । गाउँपालिकालाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चितत गर्न शिक्षाको पहुँच र गुणस्तरमा सुधार गर्नको लागि गाउँपालिकाको स्रोतबाट तहगत थप शिक्षकहरुको व्यवस्था, विद्यालयहरुमा पूर्वधार निर्माणमा सहयोग, कक्षाकोठामा ICT को प्रयोगमा सहयोग, तहगत स्थायी शिक्षकहरुलाई प्र अ को जिम्मेवारी, कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरुलाई विद्यालय पोशाक,झोला सहितको स्टेशनरी सामग्री व्यवस्था, बालविकास सहजकर्ताहरुलाई थप प्रोत्साहन सुविधा लगायतका केही राम्रा कार्यक्रमहरु माण्डवी गाउँपालिकाले विगत वर्षहरु देखि सञ्चालन गरिरहेको छ । संघीय कार्यक्रमहरुको कार्यान्वयन तथा गाउँपालिकाबाट थालिएका यी राम्रा अभ्यासहरुको सफल कार्यान्वयनबाट यस गाउँपालिकाको शैक्षिक पक्षमा सुधार आउने अपेक्षा राखिएको छ ।

माण्डवी गाउँपालिकाबाट विगत आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कार्यक्रमहरु यस आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरु माण्डवी गाउँपालिकाको विविध तथ्याङ्क, विद्यालयगत शैक्षिक विवरणहरु, चौमसिकमा विद्यालयहरुमा भएको निकासा विवरण, सम्पादित केहि मुख्य मुख्य क्रियाकलापहरु जस्ता विषयवस्तु समेटेर यो प्रतिवेदन तयार पारिएको छ।

माण्डवी गाउँपालिका शिक्षा ,युवा तथा खेलकुद शाखाबाट प्रवाह गरिएका सेवा सुविधाहरु के कति र कुन कुन लक्षित वर्गमा पुगेको छ भन्ने कुराको सूचना सरोकारवाला सबैलाई उपलब्ध गराउन हाम्रो कर्तव्य हो । सार्वजनिक सेवा प्रवाहमा सुशासन महत्वपूर्ण पक्ष हो जसमा पारदर्शिता र जवाफदेहिता निष्पक्षता जस्ता विशेषताको आवश्यकता रहन्छ । शिक्षाका सरोकारवालाहरु र यससँग चासो राख्ने सर्वसाधरणलाई समेत जानकारी, शिक्षामा थालिएको प्रयासहरु जन्ने अभिप्रायले यो प्रतिवेदन तयार पार्न खोजिएको छ ।

प्रकाशन
शिक्षा,युवा तथा खेलकुद शाखा
माण्डवी गाउँपालिका
जस्पुर, प्युठान

परिच्छेद– १ ....... 2

स्थिति प्रतिवेदनको परिचय ....... 2

१.१ पृष्ठभूमि ....... 2

१.२ स्थिति प्रतिवेदनको उद्देश्यः ....... 2

१.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया ....... 2

१.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू) : ....... 3

परिच्छेद २ ....... 4

शैक्षिक अवस्था ....... 4

२.१. साक्षरताको स्थिति ....... 4

२.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण : ....... 9

२.३ विद्यार्थी विवरण ....... 12

२.३ विद्यार्थी विवरण ....... 13

२.४ भैतिक तथा पूर्वाधारको अवस्था ....... 14

२.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरुः ....... 16

२.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्थाः ....... 16

परिच्छेद–३ ....... 17

कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति ....... 17

३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था ....... 17

३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती ....... 21

३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय ....... 21

परिच्छेद– ४ ....... 22

उपलव्धि तथा कार्यक्रम विस्तृतीकरण ....... 22

परिच्छेद–५ ....... 45

असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू ....... 45

५.१ अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम ....... 45

५.२. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु ....... 45

५.३ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू, ....... 46

५.४ चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू ....... 47

अनुसूचीहरू ....... 49

## कार्यकारी सारांश

माण्डवी गाउँपालिकाको समग्र शैक्षिक अवस्था, विद्यालयहरुको भौतिक अवस्था, विद्यालय शिक्षाको बारेमा, शैक्षिक सूचकहरु, शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था जस्ता विषयवस्तुहरु यस वार्षिक स्थिति प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ। यस स्थिति प्रतिवेदनमा माण्डवी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको दरवन्दी अवस्था, न्यून दरवन्दीका कारण गाउँपालिकाले विगत वर्षहरु देखि शिक्षक व्यवस्थापनमा गरिरहेको लगानी तथा गाउँपालिकाले तहगत स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकको जिम्मेवारी दिइएको जस्ता केहि फरक असल अभ्यासका विषयहरु पनि राखिएको छ। माण्डवी गाउँपालिकाले प्राविधिक शिक्षाको विकासमा गाउँपालिकाले गरेका असल अभ्यासहरु, निः शुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता सम्बन्धी माण्डवी गाउँपालिकाको प्रयासहरु यस स्थिति प्रतिवेदनमा राखिएको छ। माण्डवी गाउँपालिकाबाट आ व २०८२/८३ मा संघीय सरकारबाट प्राप्त कार्यक्रमहरु तथा स्थानीय सरकारबाट स्वीकृत भएका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था कार्यक्रमहरुको कार्यान्वयनबाट माण्डवी गाउँपालिकाको शिक्षा क्षेत्रमा गरेको विकासको बारेमा समग्र प्रयास तथा माण्डवी गाउँपालिकाको शिक्षा विकासमा देखिएको चुनौतीहरुको सार रुप यस स्थिति प्रतिवेदनमा देखाउन खोजिएको छ।

# परिच्छेद– १

## स्थिति प्रतिवेदनको परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रतिवद्धता जनाएको छ । विद्यालय शिक्षाको विकासका लागि नेपाल सरकारबाट विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको र प्रदेश तथा स्थानीय तहका सरकारहरुबाट पनि आ-आफ्नो तहबाट शिक्षालाई प्राथमिकतामा राखी कार्यक्रम तथा वजेटको व्यवस्था गरेको अवस्था छ । माण्डवी गाउँपालिकाले विगतका वर्ष देखि नै शिक्षालाई प्राथमिकतामा राखी नीति, कार्यक्रम र बजेट व्यवस्था गर्दै आएको छ । गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चितता गाउँको रुपमा घोषणा गर्न शिक्षाको पहुँच र गुणस्तरमा सुधार गर्नको लागि गाउँपालिकाको स्रोतबाट तहगत थप शिक्षकहरुको व्यवस्था, विद्यालयहरुमा पूर्वाधार निर्माणमा सहयोग,कक्षाकोठामा ICT को प्रयोगमा सहयोग, तहगत स्थायी शिक्षकहरुलाई प्र. अ. को जिम्मेवारी, कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरुलाई विद्यालय पोशाक, झोला सहितको स्टेशनरी सामग्री व्यवस्था, बालविकास सहजकर्ताहरुलाई थप प्रोत्साहन सुविधा, माण्डवी गाउँपालिकामा नमूना विद्यालय तथा ठुला विद्यालयहरु छनौट गरी भौतिक लगायतका कार्यक्रमहरु अघि सारि रहेको, माण्डवी गाउँपालिकामा प्राविधिक धार शिक्षा कार्यक्रम सञ्चालन गरी अध्ययन भइरहेको, नि:शुल्क स्वास्थ्य जीवन बिमा बारेमा जनसमुदायमा चेतना अभिवृद्धि गर्नका अभियान यसका साथै माण्डवी गाउँपालिकाले आफ्नै लगानीमा २०८०।८१ मा **'हाम्रो माण्डवी हाम्रो गौरव'** नामक स्थानीय पाठ्यक्रम तयार गरी सार्वजनिकीकरण गरी पाठ्यपुस्तक समेत कक्षा १-४ सम्म निर्माण गरी विद्यार्थीको हात हातमा पुय्याएको र गाउँ शिक्षा नीति २०८०, माण्डवी गाउँपालिका स्थानीय शिक्षा ऐन २०८०,माण्डवी गाउँपालिका दशवर्षे गाउँ शिक्षा योजना २०८२-९२ निर्माण र कार्यान्वयनमा आईरहेको छ। यसका साथै केही राम्रा कार्यक्रमहरु माण्डवी गाउँपालिकाले विगत वर्षहरु देखि सञ्चालन गरिरहेको छ । संघीय कार्यक्रमहरुको कार्यान्वयन तथा गाउँपालिकाबाट थालिएका यी राम्रा अभ्यासहरुको सफल कार्यान्वयनबाट यस गाउँको शैक्षिक पक्षमा सुधार आउने अपेक्षा राखिएको छ।

### १.२ स्थिति प्रतिवेदनको उद्देश्यः

प्रतिवेदन तयार गर्नुका मुख्य उद्देश्य देहाय बमोजिम रहेको छः

- सशर्त तथा निशर्त अनुदान अन्तरगतका शिर्षकहरुमा वित्तिय प्रगति विवरण परदार्शी रुपमा प्रष्ट पार्न।
- विद्यालयगत निकासा विवरणहरु स्पष्ट पार्न
- विषय क्षेत्रसँग सम्बन्धित विषयवस्तुको बारेमा जानकारी

### १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

कार्यक्रम कार्यान्वयन पुस्तिकामा कार्यक्रम सञ्चालनका लागि भएका निर्देशनहरुको आधारमा विद्यालयहरुलाई निकासा अनुदान देखि अन्य कार्यक्रमहरु सोहि निर्देशनको आधारमा सञ्चालन गरिएको अवस्था छ भने प्रतिवेदन तयारीको आधारमा विद्यालयहरुलाई गरिएको निकासा पत्रको आधार, IEMIS मा प्राविष्ट गरिएका विद्यार्थी संख्याको आधार लिई छात्रवृत्ति वितरण लगायतमा अवश्यक सहयोग भएको, स्थानीय तहमा भएका लेखा शाखाबाट आर्थिक प्रतिवेदन तयारीमा सहयोग भएको, गाउँ शिक्षा समितिबाट पारित गरी निर्णयहरुलाई कार्यन्वयनमा ल्याएको अवस्था, शिक्षक दरबन्दी मिलानका क्रममा गाउँ कार्यपालिकाबाट गरिएका निर्णयहरु,

विद्यालयहरुबाट भौतिक विवरण लगायतका अन्य विवरण,अमूल्य सरसल्लाह तथा तथ्याङ्क संकलनका लागि शिक्षासँग सरोकार राख्ने वुद्धिजिविहरु, राजनैतिक दलका जनप्रतिनिधिहरु, विभिन्न संघसंस्थाहरुको सहयोगबाट स्थति प्रतिवेदन निर्माण कार्य गरिएको ।

## १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू) :

नेपालको संविधान २०७२ ले तीन तहमा विभाजन गरे पश्चात स्थानीय तह अन्तगरका अति नै महत्वपूर्ण तथा जिम्मेवार स्थानीय अन्तरगतको शिक्षा युवा तथा खेलकुद शाखा हो। नेपाल संघीयतामा विभाजन भइ सके पछि स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहमा २३ वटा विभिन्न अधिकारहरु दिइएको अवस्थामा यस शाखा अन्तरगत स्थानीय निकाय अन्तरगतको शिक्षा क्षेत्रमा वर्ष भरिमा भए गरेका असल कामहरु लगायतका शिक्षा क्षेत्रमा भएका कार्यक्रमहरुको कार्यान्वयनको पक्षलाई मध्यनजर गरी विद्यालय शिक्षामा भए गरेका वार्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका बमोजिमको कार्य सम्पादन गरिने जिम्मेवार निकाय शिक्षा, युवा तथा खेलकुद शाखा हो । वार्षिक कार्यक्रम कार्यन्वयन पुस्तिकामा समावेश गरिएका कार्यक्रमहरुलाई सरल तथा सहज रुपमा विद्यालयहरुलाई निकासा अनुदान गरि सोहि अनुसार कार्य सम्पादन गर्न जिम्मेवार बनाउनु हो। यसका साथै आ व २०८२/०८३ मा वार्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका अनुसार विद्यालयहरुलाई दिनुपर्ने निकासाहरु कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेख भए अनुसार सम्पूर्ण कार्यक्रमहरु सम्पादन गरिएको अवस्था छ । यसका साथै विद्यालय शिक्षामा हाल प्रयोगमा आइरहेको EMIS सम्पूर्ण विद्यालयहरुलाई समयमा अद्यावधिक गर्न लगाई सम्पूर्ण विवरणहरु विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको विवरण लगायतका आधारभूत तह उत्तीर्ण परीक्षाको मार्क लेजर, मार्क सिट सम्पूर्ण काम सोहि सिस्टमबाट गरिएको अवस्था छ । यसका साथै विद्यालयहरुले वार्षिक रुपमा विद्यालय सुधार योजना र पञ्च वर्षीय विद्यालय सुधार योजना समेत निर्माण गरी शिक्षा, युवा तथा खेलकुद शाखामा वुझाउने, आर्थिक वर्ष सकिएको १ महिना भित्र सामाजिक परीक्षण गराई र सामाजिक परीक्षण पश्चात गाउँ शिक्षा समितिबाट लेखा परीक्षणका लागि आसाय पेश गरेका लेखा परीक्षकलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार नियुक्त गरि विद्यालयको लेखा परिक्षण गराई १ प्रति प्रतिवेदन शिक्षा शाखामा वुझाउने गरी प्रत्येक वर्ष गरिएको अवस्था छ। माण्डवी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरुको संख्या अनुसार कम भए पनि विद्यालयहरुको नियमित अनुगमन तथा नियमित शिक्षक प्र अ हरुसँग मासिक वैठक बसी वैठकको निचोड अनुसार नै कार्यक्रम कार्यान्वयन गरिने र उक्त कार्यक्रमको अनुगमन तथा निरीक्षण शिक्षा शाखाको समन्वयमा जनप्रतिनिधिहरुको उपस्थितिमा नियमित रुपमा विद्यालयकहरुको अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गरिएको अवस्था छ।

# परिच्छेद २

## शैक्षिक अवस्था

### २.१. साक्षरताको स्थिति

साक्षर नेपाल अभियान सञ्चालन गरी वि.स. २०७२।०३।२० प्युठान जिल्लालाई पूर्ण साक्षर घोषणा गरिसकेको सन्दर्भमा यस माण्डवी गाउँपालिका निर्माण हुदा साविकका सबै गाउँपालिकामा नेपाल सरकारको मापदण्ड बमोजि ९५ प्रतिशत साक्षर भएका कारणले साक्षर जिल्ला घोषणा भएको हो ।माण्डवी गाउँपालिकाको जनगणना,२०७८ का आधारमा भन्नु पर्दा माण्डवी गाउँपालिकाको कुल जनसंख्या १५८६३ देखिन्छ जसमध्ये महिलाको जनसंख्या ८८२४ र पुरुषको जनसंख्या ७०३९ रहेको देखिन्छ।५ वर्ष मुनिको कुल १४२१ जनसंख्या रहेको छ जस मध्ये महिला ६७६ र पुरुष ७४५ रहेको छन् । त्यसै गरी ५ वर्ष र सोभन्दा माथिको साक्षर जनसंख्या प्रतिशत ८१.५५ रहेको देखिन्छ । जसमध्ये महिलाको जनसंख्या ७५.२२ % र पुरुषको जनसंख्या ८९.७५ % रहेको देखिन्छ । निरन्तर शिक्षा तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यक्रम सञ्चालनमा जोड दिनु पर्ने देखिन्छ। माण्डवी गाउँपालिकामा २५-६० वर्ष उमेर समूहको जनसंख्याको बाहुल्यता रहेको छ। त्यसैगरी १६-२४ उमेर समूहको जनसंख्या ८.४ प्रतिशत रहेको छ।उमेर अनुसार जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका नं २.१.१ उमेरका आधारमा जनसंख्या विबरण*

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| | **15863** | **7039** | **8824** |
| 00-04 वर्ष | 1421 | 745 | 676 |
| 05-09 वर्ष . | 1828 | 922 | 906 |
| 10-14 वर्ष . | 2042 | 1031 | 1011 |
| 15-19 वर्ष . | 1770 | 763 | 1007 |
| 20-24 वर्ष . | 1533 | 566 | 967 |
| 25-29 वर्ष . | 1245 | 488 | 757 |
| 30-34 वर्ष . | 1066 | 398 | 668 |
| 35-39 वर्ष . | 922 | 379 | 543 |
| 40-44 वर्ष . | 813 | 317 | 496 |
| 45-49 वर्ष . | 648 | 273 | 375 |
| 50-54 वर्ष . | 656 | 280 | 376 |
| 55-59 वर्ष . | 515 | 250 | 265 |
| 60-64 वर्ष . | 516 | 225 | 291 |
| 65-69 वर्ष . | 362 | 158 | 204 |

| | | | |
|---|---|---|---|
| 70-74 वर्ष . | 280 | 129 | 151 |
| 75-79 वर्ष . | 149 | 67 | 82 |
| 80-84 वर्ष . | 66 | 36 | 30 |
| 85-89 वर्ष . | 22 | 7 | 15 |
| 90-94 वर्ष . | 8 | 4 | 4 |
| 95+ वर्ष . | 1 | 1 | 0 |

*स्रोतः जनगणनाः२०७८*

*तालिका नं २.१.२ उमेर अनुसार साक्षरता सम्बन्धी विवरण*

| उमेर | जम्मा | पढन र लेख्न सक्ने | पढनमात्र सक्ने | पढन र लेख्न नसक्ने | उल्लेख नभएको |
|---|---|---|---|---|---|
| | **14442** | **11778** | **144** | **2519** | **1** |
| 05 Year | 350 | 266 | 23 | 61 | 0 |
| 06 Year | 328 | 284 | 16 | 28 | 0 |
| 07 Year | 367 | 347 | 10 | 10 | 0 |
| 08 Year | 409 | 403 | 0 | 6 | 0 |
| 09 Year | 374 | 365 | 1 | 8 | 0 |
| 10 Year | 422 | 415 | 0 | 7 | 0 |
| 11 Year | 383 | 379 | 0 | 4 | 0 |
| 12 Year | 422 | 421 | 0 | 1 | 0 |
| 13 Year | 422 | 419 | 0 | 3 | 0 |
| 14 Year | 393 | 390 | 1 | 2 | 0 |
| 15 Year | 397 | 392 | 0 | 5 | 0 |
| 16 - 19 Years | 1373 | 1354 | 1 | 18 | 0 |
| 20 - 24 Years | 1533 | 1489 | 1 | 43 | 0 |
| 25 - 29 Years | 1245 | 1151 | 5 | 89 | 0 |
| 30 - 34 Years | 1066 | 915 | 9 | 142 | 0 |
| 35 - 39 Years | 922 | 732 | 11 | 179 | 0 |
| 40 - 44 Years | 813 | 568 | 12 | 232 | 1 |
| 45 - 49 Years | 648 | 426 | 15 | 207 | 0 |
| 50 - 54 Years | 656 | 360 | 8 | 288 | 0 |
| 55 - 59 Years | 515 | 236 | 12 | 267 | 0 |
| 60 - 64 Years | 516 | 213 | 6 | 297 | 0 |
| 65 - 69 Years | 362 | 118 | 6 | 238 | 0 |
| 70 - 74 Years | 280 | 74 | 7 | 199 | 0 |
| 75+ Years | 246 | 61 | 0 | 185 | 0 |

*स्रोतः जनगणनाः२०७८*

*तालिका नं २.१.३ वडा अनुसार साक्षरता विवरण*

| वडा नं | लिग | ५ बर्ष भन्दा माथिको साक्षर जनसंख्या | पढन र लेख्न सक्ने | पढन मात्र सक्ने | पढन र लेख्न नसक्ने | उल्लेख नगरेको | जम्मा साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | 14442 | 11778 | 144 | 2519 | 1 | 81.55 |
| | परुष | 6294 | 5649 | 58 | 587 | 0 | 89.75 |
| | महिला | 8148 | 6129 | 86 | 1932 | 1 | 75.22 |
| **1** | | | | | | | |
| | जम्मा | 2834 | 2300 | 24 | 510 | 0 | 81.16 |
| | परुष | 1277 | 1138 | 12 | 127 | 0 | 89.12 |
| | महिला | 1557 | 1162 | 12 | 383 | 0 | 74.63 |
| **2** | | | | | | | |
| | जम्मा | 3051 | 2443 | 73 | 535 | 0 | 80.07 |
| | परुष | 1405 | 1230 | 23 | 152 | 0 | 87.54 |
| | महिला | 1646 | 1213 | 50 | 383 | 0 | 73.69 |
| **3** | | | | | | | |
| | जम्मा | 3585 | 2975 | 20 | 590 | 0 | 82.98 |
| | परुष | 1536 | 1414 | 8 | 114 | 0 | 92.06 |
| | महिला | 2049 | 1561 | 12 | 476 | 0 | 76.18 |
| **4** | | | | | | | |
| | जम्मा | 2737 | 2206 | 3 | 527 | 1 | 80.60 |
| | परुष | 1106 | 980 | 0 | 126 | 0 | 88.61 |
| | महिला | 1631 | 1226 | 3 | 401 | 1 | 75.17 |
| **5** | | | | | | | |
| | जम्मा | 2235 | 1854 | 24 | 357 | 0 | 82.95 |
| | परुष | 970 | 887 | 15 | 68 | 0 | 91.44 |
| | महिला | 1265 | 967 | 9 | 289 | 0 | 76.44 |

स्रोतः जनगणनाः२०७८

*तालिका नं २.१.४ उमेर अनुसार शैक्षिक तह पुरागर्ने जनसंख्या विबरण*

| Age | Total | Early childhood | Primary | Lower secondary | Upper secondary | S.L.C./ SEE & equivalent | Intermediate & equivalent | Graduate & equivalent | Post graduate equivalent & above | Other | No level | Level not Stated |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **11999** | **451** | **4855** | **2916** | **1363** | **596** | **676** | **164** | **90** | **1** | **562** | **325** |
| 05 Year | 305 | 297 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 7 |
| 06 Year | 313 | 82 | 229 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 |
| 07 Year | 358 | 40 | 318 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 08 Year | 404 | 7 | 396 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| 09 Year | 365 | 4 | 359 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 |
| 10 Year | 415 | 2 | 410 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 |
| 11 Year | 379 | 1 | 284 | 92 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 |
| 12 Year | 419 | 0 | 220 | 196 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 2 |
| 13 Year | 418 | 0 | 125 | 291 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 |
| 14 Year | 392 | 0 | 72 | 257 | 63 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 Year | 392 | 0 | 45 | 223 | 103 | 19 | 0 | 0 | 0 | 1 | 0 | 1 |
| 16 - 19 Years | 1358 | 3 | 181 | 383 | 387 | 265 | 116 | 5 | 0 | 0 | 5 | 13 |
| 20 - 24 Years | 1493 | 3 | 312 | 454 | 234 | 147 | 244 | 59 | 8 | 0 | 15 | 17 |
| 25 - 29 Years | 1159 | 2 | 327 | 315 | 200 | 53 | 130 | 40 | 25 | 0 | 32 | 35 |
| 30 - 34 Years | 933 | 0 | 337 | 225 | 101 | 37 | 80 | 29 | 25 | 0 | 53 | 46 |
| 35 - 39 Years | 750 | 3 | 311 | 178 | 62 | 15 | 40 | 12 | 14 | 0 | 67 | 48 |
| 40 - 44 Years | 592 | 4 | 239 | 103 | 73 | 21 | 26 | 6 | 7 | 0 | 77 | 36 |
| 45 - 49 Years | 448 | 2 | 171 | 77 | 73 | 15 | 9 | 4 | 4 | 0 | 69 | 24 |
| 50 - 54 Years | 370 | 0 | 159 | 42 | 31 | 13 | 17 | 3 | 2 | 0 | 78 | 25 |
| 55 - 59 Years | 249 | 1 | 119 | 33 | 11 | 4 | 7 | 2 | 2 | 0 | 51 | 19 |
| 60 - 64 Years | 226 | 0 | 103 | 24 | 16 | 4 | 2 | 3 | 2 | 0 | 49 | 23 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 65 - 69 Years | 125 | 0 | 64 | 15 | 2 | 3 | 4 | 0 | 1 | 0 | 28 | 8 |
| 70 - 74 Years | 77 | 0 | 39 | 8 | 4 | 0 | 0 | 0 | 0 | 0 | 18 | 8 |
| 75+ Years | 59 | 0 | 35 | 0 | 3 | 0 | 1 | 1 | 0 | 0 | 17 | 2 |

***स्रोतः जनगणनाः२०७८***

*तालिका नं २.१.५ वडा अनुसार घरधुरी संख्या र जनसंख्या विबरण*

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | | औषत घरधुरी आकार | लैगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| | 3794 | 15863 | 7039 | 8824 | 4.18 | 79.77 |
| 1 | 690 | 3116 | 1432 | 1684 | 4.52 | 85.04 |
| 2 | 713 | 3364 | 1561 | 1803 | 4.72 | 86.58 |
| 3 | 1043 | 3898 | 1704 | 2194 | 3.74 | 77.67 |
| 4 | 701 | 3065 | 1274 | 1791 | 4.37 | 71.13 |
| 5 | 647 | 2420 | 1068 | 1352 | 3.74 | 78.99 |

***स्रोतः जनगणनाः२०७८***

अतः शिक्षा र विकास एक अर्काका परिपुरक हुन् अर्थात शिक्षा बिना विकास असम्भव प्राय :छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको बिकासका माध्यमबाट सिंगो समाजलाई रुपान्तरण गर्ने अभिप्रायका साथ अगाडि बढिरहेको माण्डवी गाउँपालिकाले शिक्षाका क्षेत्रमा बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । आधारभुत शिक्षा सुनिश्चितता गर्न प्युठान को स्थानीय तहको पहिलो रुपमा घोषणा गर्ने तयारी गर्ने गाउँपालिका हो । यस गाउँपालिकामा सामुदायिक २६ वटा, २ वटा संस्थागत प्राविधिक धार शिक्षालय १ वटा जम्मा २८ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । जहाँ हजारौ बालबालिकाहरु शिक्षा आर्जन गरी रहेका छन् । यस गाउँपालिकाले शिक्षा क्षेत्रमा अरु गाउँपालिका भन्दा कैयौ गुणा वजेट शिक्षा क्षेत्रमा लगानी गरेको छ । यसका साथै माण्डवी गाउँपालिकालाई शिक्षित तथा पूर्ण रोजगारमूलक बनाउने उदेश्यका आधारभूत शिक्षा सुनिश्चितता गाउँपालिका घोषाणा गर्ने तयारी गरिरहेको छ। यस गाउँपालिकामा अधिकांश जनजातिको बासोबास भएको हुँदा विद्यालय क्षेत्रमा समेत जनजातिका बालबालिकाहरु बहुल्यता देखिन्छ। यस क्षेत्रमा धेरै जनजाति भए पनि वि. स. २०७८ सालको जनगणानाको तथ्याङ्क अनुसार ८१.५५ प्रतिशत जनसंख्या यस गाउँमा साक्षर रहेको देखिन्छ । माण्डवी गाउँपालिकाले विभिन्न समयमा प्रौढ कक्षाहरु सञ्चालन गरी निरक्षरहरुलाई साक्षर बनाई सकेको अवस्थामा पूर्ण साक्षर गाउँपालिका घोषणाको अन्तिम चरणमा हुँदा कोभिड -१९ को महमारीले गर्दा उक्त कार्य गर्न नसकेको अवस्था छ।

## २.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण :

*तालिका नं २.२.१ शैक्षिक संस्थाहरुको विवरण*

| माण्डवी गाउँपालिकामा सञ्चालित विद्यालय/शैक्षिक संस्थाहरु | | | | |
|---|---|---|---|---|
| क्र स | विद्यालय | सामुदायिक | संस्थागत | जम्मा |
| १ | बालविकास | ३४ | २ | ३६ |
| २ | प्राथमिक (१-५) | १५ | ० | १५ |
| ३ | आधारभूत (१-८) | ६ | २ | ०८ |
| ४ | माध्यमिक (१-१०) | १ | ० | ०१ |
| ५ | माध्यमिक (१-१२) | ४ | ० | ०४ |
| ६ | क्याम्पस | ० | ० | ० |
| ७ | सामुदायिक सिकाई केन्द्र | २ | ० | २ |
| ८ | बहुप्रविधिक शिक्षालाय | ० | ० | ० |
| ९ | प्राविधिक धार विद्यालय कक्षा (९-१२) कम्प्यूटर इन्जिनियरिङ | १ | ० | १ |

*तालिका नं २.२.२ शिक्षक दरबन्दी विवरण*

| क्र.सं. | विद्यालयको नाम | उमा वि अनुदान/ प्राविधिक/ शिक्षण सहयोग अनुदान | | | | विद्यालय कर्मचारी | ECD | माध्यमिक तह कक्षा(९-१०) | | | | आधारभुत तह(कक्षा ६-८) | | | | प्रा वि तह | | | | जम्मा | गाउँ शिक्षक | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमावि | प्राविधिक | मा वि | आ वि | | | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | राहत | अस्थायी | जम्मा | स्थायी | अस्थायी | राहत | जम्मा | | प्रा वि | नि मा वि | मा वि | जम्मा | |
| १ | लोकभक्त प्राथमिक विद्यालय सिमलचौर | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ३ |
| २ | परमेश्र्वरी प्राथमिक विद्यालय सल्लिकोट | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३ | शहिद स्मृति प्राथमिक विद्यालय पुकरुक | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ४ | अधार प्राथमिक विद्यालय धनचौर | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0 | ० | ० | २ |
| ५ | ऐश्र्वर्य प्राथमिक विद्यालय डाँडाकटेरी | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | ० | ० | ० | ० | ४ |
| ६ | अरुणा भवानेश्वरी प्राथमिक विद्यालय कुमालटार | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | ३ | ० | ० | ० | ० | ५ |
| ७ | बागिश्र्वरी माध्यमिक विद्यालय तिग्रा | ० | ० | ३ | ० | २ | २ | ० | ० | ० | ० | ० | १ | ० | १ | ४ | ० | १ | ५ | ९ | ० | १ | १ | २ | १५ |
| ८ | भवनीश्र्वरी आधारभूत विद्यालय जस्पुर | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | १ | ० | १ | ४ | ० | १ | ५ | ६ | ० | ० | ० | ० | ९ |
| ९ | गणेश आधारभूत विद्यालय ढिकावन | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | २ | ५ | ६ | ० | १ | ० | १ | ९ |
| १० | गणेश प्राथमिक विद्यालय तिराम | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | ३ | ० | 0 | ० | ० | ५ |
| ११ | गणेश माध्यमिक विद्यालय तिराम | २ | ० | ० | ० | २ | २ | ५ | 0 | १ | ६ | ३ | ० | ० | ३ | ५ | ० | ० | ५ | १६ | ० | १ | ० | १ | २१ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | जनज्योति प्राथमिक विद्यालय धनचौर | ० | ० | ० | ० | १ | १ | ० | 0 | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | ० | 0 | 0 | ० | ४ |
| १३ | ज्योति प्राथमिक विद्यालय चकचके | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | ३ | ३ | ० | ० | ० | ० | ६ |
| १४ | कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट | ० | ० | २ | ० | २ | २ | १ | ० | २काज | ३ | ० | २ | ० | २ | ३ | ० | २ | ५ | १२ | ० | २ | २ | ४ | २० |
| १५ | खड्ग प्राथमिक विद्यालय चिन | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | ० | ० | ० | ० | ४ |
| १६ | कृष्ण आधारभूत विद्यालय मार्सिवङ्ग | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | १ | ० | ० | १ | २ | ० | ४ | ६ | ७ | ० | ० | ० | ० | १० |
| १७ | माण्डवी माध्यमिक विद्यालय नयाँगाउँ | २ | ८ | ० | ० | २ | १ | ५ | ० | ० | ५ | २ | १ | ० | ३ | ५ | ० | १ | ६ | २४ | ० | ० | ० | ० | २७ |
| १८ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मर्कावाङ्ग | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | ३ | ३ | ० | ० | ० | ० | ६ |
| १९ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय ढाँड | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ३ | ३ | ० | ० | ० | ० | ५ |
| २० | नेपाल राष्ट्रिय आधारभूत विद्यालय जुजेनेटा | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | १ | ५ | ६ | ० | ० | ० | ० | ८ |
| २१ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय थक्लेनी | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ३ | ४ | ० | ३ | ० | ३ | ९ |
| २२ | रामेश्र्वरी प्राथमिक विद्यालय आँपचौर | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | ० | ० | ० | ० | ४ |
| २३ | सरस्वती प्राथमिक विद्यालय मुकचौर | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | २ | २ | ० | ० | ० | ० | ४ |
| २४ | सुन्नानी आधार माध्यमिक विद्यालय रातापानी | २ | ० | ० | ० | २ | २ | ५ | ० | १ | ६ | २ | ० | ० | २ | ५ | ० | ० | ५ | १५ | ० | १ | ० | १ | २० |
| २५ | स्वर्गद्वारी प्राथमिक विद्यालय सिरवारी | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| २६ | यज्ञश्र्वरी आधारभूत विद्यालय सल्लिखर्क | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ४ | ५ | ० | २ | 0 | २ | ९ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | ६ | ८ | ५ | ४ | ३१ | ३४ | १६ | ० | २ | १८ | ८ | ५ | ० | १३ | ५९ | १ | २० | ८० | १३४ | ० | ११ | ३ | १४ | २१३ |

## २.३ विद्यार्थी विवरण

*तालिका नं २.३.१ विद्यार्थी संख्या विवरण २०८२*

| सामुदायिक विद्यालय विद्यार्थी संख्या | | | | संस्थागत विद्यालयका वि.संख्या | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| बालविकास | 205 | 194 | 399 | 53 | 77 | 130 | ५२९ |
| 1 | 156 | 151 | 307 | 48 | 62 | 110 | ४१७ |
| 2 | 126 | 143 | 269 | 29 | 41 | 70 | ३३९ |
| 3 | 136 | 159 | 295 | 39 | 39 | 78 | ३७३ |
| 4 | 174 | 188 | 362 | 24 | 39 | 63 | ४२५ |
| 5 | 178 | 175 | 353 | 27 | 39 | 66 | ४१९ |
| जम्मा १–५ | ९०० | ९२४ | १८२४ | १६७ | २२० | ३८७ | १९७३ |
| 6 | 233 | 206 | 439 | 11 | 14 | 25 | ४६४ |
| 7 | 201 | 190 | 391 | 15 | 19 | 34 | ४२५ |
| 8 | 220 | 174 | 394 | 7 | 11 | 18 | ४१२ |
| जम्मा ६–८ | ६५४ | ५७० | १२२४ | ३३ | ४४ | ७७ | १३०१ |
| 9 | 210 | 145 | 355 | 0 | 0 | 0 | ३५५ |
| 10 | 135 | 86 | 221 | 0 | 0 | 0 | २२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जम्मा ९–१० | ३४५ | २३१ | ५७६ | ० | ० | ० | ५७६ |
| 11 | 77 | 42 | 119 | ० | ० | ० | ११९ |
| 12 | 54 | 53 | 107 | ० | ० | ० | १०७ |
| जम्मा ११–१२ | १३१ | ९५ | २२६ | ० | ० | ० | २२६ |
| कुल जम्मा | २१०५ | १९०६ | ४०११ | २५३ | ३४१ | ५९४ | ४६०५ |

## २.३ विद्यार्थी विवरण

*तालिका नं २.३.२ विद्यार्थी संख्या विवरण २०८३*

| सामुदायिक विद्यालय विद्यार्थी संख्या | | | | संस्थागत विद्यालयका वि.संख्या | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| बालविकास | १७४ | १७० | ३४४ | १०२ | १२३ | २२५ | ५६९ |
| 1 | 150 | 147 | 297 | 37 | 54 | 91 | ३८८ |
| 2 | 131 | 115 | 246 | 41 | 52 | 93 | ३३९ |
| 3 | 123 | 142 | 265 | 24 | 39 | 63 | ३२८ |
| 4 | 140 | 185 | 325 | 35 | 42 | 67 | ३९२ |
| 5 | 182 | 156 | 338 | 18 | 32 | 50 | ३८८ |
| जम्मा १–५ | ७२६ | ७४५ | १४७१ | १५५ | २०९ | ३६४ | १८३५ |
| 6 | 176 | 189 | 365 | 22 | 29 | 51 | ४१६ |
| 7 | 211 | 182 | 393 | 11 | 14 | 25 | ४१८ |
| 8 | 209 | 170 | 379 | 14 | 15 | 29 | ४०८ |
| जम्मा ६–८ | ५९६ | ५४१ | ११३७ | ४७ | ५८ | १०५ | १२४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 9 | 202 | 160 | 362 | 0 | 0 | 0 | ३६२ |
| 10 | 139 | 81 | 220 | 0 | 0 | 0 | २२० |
| जम्मा ९–१० | ३४१ | २४१ | ५८२ | ० | ० | ० | ५७७ |
| 11 | 71 | 34 | 105 | 0 | 0 | 0 | १०५ |
| 12 | 77 | 44 | 121 | 0 | 0 | 0 | १२१ |
| जम्मा ११–१२ | १४८ | ७८ | २२६ | ० | ० | ० | २२६ |
| कुल जम्मा | १९८५ | १७७५ | ३७६० | ३०४ | ३९० | ६९४ | ४४५४ |

## २.४ भैतिक तथा पूर्वाधारको अवस्था

*तालिका नं २.४.१ भौतिक पूर्वाधार विवरण*

**माण्डवी गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयको भौतिक तथा पूर्वाधारको अवस्थाः**

| क्र स | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | भवन संख्या | जम्मा कक्षाकोठा | सेक्सन सहित आवश्यक कक्षा कोठा | नपुग कोठा संख्या | प्राविधिक धार तर्फको ल्याव छ/छैन? | कम्प्युटर ल्याव छ/छैन ? भए कम्प्युटर संख्या | विज्ञान प्रयोगशाला छ/छैन? भए कुन विषयसँग सम्बन्धित ? | पुस्तकालाय छ/छैन? भए पुस्तकको संख्या कति छ? |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | स्वर्गद्वारी प्राथमिक विद्यालय सिरवारी | 1-1 | ६ | 3 | 9 | 0 | 0 | 0 | 1 | 0 | 1800 |
| 2 | जनज्योति प्राथमिक विद्यालय धनचौर | 1-4 | ४० | 3 | 6 | 0 | 0 | 0 | 1 | 0 | 300 |
| 3 | सरस्वती प्राथमिक विद्यालय मुकचौर | 1-5 | ३६ | 3 | 6 | 0 | 0 | 0 | 1 | 0 | 25 |
| 4 | ऐश्र्वर्य प्राथमिक विद्यालय डाँडाकटेरी | 1-4 | ५५ | 3 | 8 | 0 | 0 | 0 | 1 | 0 | 60 |
| 5 | कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट | 1-12 | ५५६ | 7 | 27 | 2 | 2 | 0 | 15 | 1 | 5000 |
| 6 | यज्ञश्र्वरी आधारभूत विद्यालय सल्लिखर्क | 1-8 | १३९ | 5 | 10 | 0 | 1 | 0 | 2 | 0 | 2000 |
| 7 | अधार प्राथमिक विद्यालय धनचौर | 1-1 | ० | 3 | 6 | 0 | 0 | 0 | 1 | 0 | 150 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 8 | शहिद स्मृति प्राथमिक विद्यालय पुकरुक | 1-1 | ९ | 3 | 7 | 0 | 0 | 0 | 0 | 0 | 90 |
| 9 | सुन्नानी आधार माध्यमिक विद्यालय रातापानी | 1-12 | ३५१ | 7 | 34 | 4 | 5 | 0 | 13 | 1 | 2500 |
| 10 | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मर्कावाङ्ग | 1-5 | ७३ | 5 | 10 | 0 | 0 | 0 | 1 | 0 | 50 |
| 11 | गणेश आधारभूत विद्यालय ढिकावन | 1-8 | १६१ | 6 | 13 | 0 | 0 | 0 | 7 | 0 | 200 |
| 12 | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय ढाँड | 1-5 | ७० | 3 | 10 | 0 | 0 | 0 | 1 | 0 | 700 |
| 13 | माण्डवी माध्यमिक विद्यालय नयाँगाउँ | 1-12 | ६७५ | 10 | 33 | 6 | 14 | 1 | 80 | 1 | 9000 |
| 14 | भवनीश्र्वरी आधारभूत विद्यालय जस्पुर | 1-8 | ११५ | 5 | 10 | 2 | 4 | 0 | 8 | 0 | 300 |
| 15 | रामेश्र्वरी प्राथमिक विद्यालय आँपचौर | 1-5 | ३० | 4 | 6 | 0 | 2 | 0 | 1 | 0 | 1000 |
| 16 | कृष्ण आधारभूत विद्यालय मार्सिवङ्ग | 1-8 | ९७ | 6 | 15 | 0 | 2 | 0 | 7 | 0 | 2300 |
| 17 | परमेश्र्वरी प्राथमिक विद्यालय सल्लिकोट | 1-1 | ८ | 3 | 8 | 0 | 0 | 0 | 1 | 0 | 300 |
| 18 | नेपाल राष्ट्रिय आधारभूत विद्यालय जुजेनेटा | 1-8 | ५९ | 4 | 8 | 2 | 1 | 0 | 7 | 0 | 3200 |
| 19 | ज्योति प्राथमिक विद्यालय चकचके | 1-5 | ६७ | 4 | 8 | 0 | 1 | 0 | 1 | 0 | 2300 |
| 20 | बागिश्र्वरी माध्यमिक विद्यालय तिग्रा | 1-10 | २०६ | 6 | 18 | 0 | 4 | 0 | 21 | 1 | 60 |
| 21 | खड्ग प्राथमिक विद्यालय चिन | 1-5 | ३० | 4 | 7 | 0 | 0 | 0 | 1 | 0 | 1500 |
| 22 | अरुणा भवानेश्वरी प्राथमिक विद्यालय कुमालटार | 1-5 | ६२ | 2 | 6 | 0 | 2 | 0 | 1 | 0 | 2200 |
| 23 | गणेश प्राथमिक विद्यालय तिराम | 1-5 | ८० | 5 | 12 | 0 | 0 | 0 | 1 | 0 | 1200 |
| 24 | गणेश माध्यमिक विद्यालय तिराम | 1-12 | ३२१ | 6 | 12 | 4 | 4 | 0 | 17 | 1 | 5000 |
| 25 | नेपाल राष्ट्रिय आधारभूत विद्यालय थक्लेनी | 1-8 | १५५ | ४ | १४ | 0 | 4 | 0 | 2 | 0 | 250 |
| 26 | लोकभक्त प्राथमिक विद्यालय सिमलचौर | 1-3 | १५ | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 200 |
| 27 | प्युठान सनराईज एकेडमी लामाचौर | 1-8 | ३०४ | 2 | 18 | 0 | 0 | 0 | 3 | 0 | 20 |
| 28 | माण्डवी इग्लिश बोर्डिङ्ग स्कुल जावुने | 1-7 | 165 | 1 | 10 | 0 | 0 | 0 | 3 | 0 | 30 |
| जम्मा | | | 3885 | 119 | 335 | 20 | 46 | 1 | 196 | 5 | 41735 |

## २.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरुः

माण्डवी गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालयहरुमा ४ हजार भन्दा वढी विद्यार्थीहरु अध्ययन गरिरहेको अवस्थामा विद्यालयहरुको आर्थिक, शैक्षिक तथा भौतिक लगायतका पक्षहरुमा निरन्तर अनुगमन तथा सुपरिवेक्षणले गर्दा विद्यालयहरु निरन्तर शैक्षिक गुणस्तर सुधारका पक्षमा लागि परेको अवस्था छ । गरिवी तथा अज्ञानताको कारणले छिमेकी मुलुक भारतमा काम गर्न जाने प्रवृतिले अभिभावक सँगै बालबालिकाहरु पनि जाने कारणले केही मात्रमा विद्यालय छोड्ने दर देखिन्छ । अरु स्थानीय तह भन्दा माण्डवी गाउँपालिका शिक्षा क्षेत्रमा वेग्लै पहिचान तथा असल अभ्यासहरु गर्दै आएको अवस्थामा शिक्षा क्षेत्रमा केही सुधारहरु गरेको अवस्थामा विद्यालय बाहिर नरहेको, कक्षा उत्तिर्णदर लगायतका सूचकहरुमा सुधार रहेको अवस्था छ ।विद्यालयहरुले तयार पार्ने विद्यालय सुधार योजना वार्षिक र पञ्च वार्षिय रुपमा तयार पार्ने गरेको अवस्था छ र एक/एक प्रति गाउँ शिक्षा शाखामा अनिवार्य रुपमा वुझाउने गरेको अवस्था समेत छ। विद्यालयको विवरणहरु तथा वार्षिक रुपमा सञ्चालन गर्नुपर्ने योजनाहरु सोहि विद्यालय सुधार योजना अनुसार कार्यान्वयन गरिने गरी गाउँ शिक्षा शाखाले समेत निगरानी तथा अनुगमन गरेको अवस्था छ। माण्डवी गाउँपालिकामा शिक्षामा हाल सम्म विद्यालयहरुमा वेरुजुको वर्तमान अवस्था नरहेको अवस्था छ। विद्यालयहरुले गाउँ शिक्षा शाखाबाट निकासा भएको रकम निकासा भएकै शीर्षकगत खर्च गरी हिसाव राख्ने गरिएको छ। माण्डवी गाउँपालिकामा सामुदायिक विद्यालयहरु २६ वटामा ५ वटा माध्यमिक विद्यालयहरु रहेको छन् र माण्डवी गाउँपालिकामा हाल सम्म विद्यालयहरुमा अंग्रेजी माध्यमबाट शिक्षण हून नसकेको अवस्था छ भने अवको दिनमा नमुना विद्यालय तथा ठुला विद्यालयहरुमा आगामी शैक्षिक सत्र देखि अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने गरी तयारी गरी रहेको अवस्था छ । यसका बावजुद माण्डवी गाउँपालिकाले शिक्षा क्षेत्रमा अन्य आमूल कार्यहरु गर्दै अघि वढि रहेको अवस्था छ।

## २.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्थाः

नेपालको संविधान २०७२ मा भएको व्यवस्था बमोजिम संघीय तहमा विभाजन भइसकेको अवस्थामा तीन तहमा कर्मचारीहरुको विभाजन भएको अवस्था छ। जसबाट केन्द्रिय स्तर तथा प्रदेश स्तरको संरचना भन्दा स्थानीय तहमा शिक्षाको संरचना फरक तरिकाको रहेको छ । जसमा माण्डवी गाउँपालिकामा कर्मचारीको दरवन्दी अनुसार पदपूर्ति हुन नसकेको अवस्था हुँदा अन्य विविध कार्य सम्पादन गर्नमा कठिनाई रहेको अवस्था देखिन्छ। स्थानीय तहको शिक्षा क्षेत्रको संगठनात्मक संरचना तपसिल अनुसार रहेको छः



# परिच्छेद–३

## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

### ट र खर्चको अवस्था

युवा तथा खेलकुद शाखामा आ व २०८२/०८३ मा विनियोजित सशर्त अनुदान र गाउँपालिकाको अन्तरिक वजेट तथा खर्च

*र्फको वजेट तथा खर्च विवरण रु हजारमा*

| क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | खर्च प्रतिशत | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| ूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ५८९०० | ५४८७६ | ९३ | ९३ | |
| क तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा अन्तरगतका शिक्षक/कर्मचारी, प्राविधिक धारका समेत) | २३७०० | २२२०६ | ९४ | ३२ | |
| क बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १०३३७ | १०३३७ | १०० | ६४ | |
| ाक विद्यालयका विद्यार्थीहरुका लागि नि : शुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/मातृभाषाको | ३१९९ | २४३७ | ७६ | ३४१६ | |
| पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक य, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत ) | ८५० | ६७० | ७९ | २ | |
| यमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २५०० | २५०० | १०० | २६ | |
| ार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजीटल सिकाइ समाग्री व्यवस्थाका लागि यलाई अनुदान | २१४४ | २०४३ | ९५ | ३९७२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9 | 2.7.13.305 | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत )विद्यार्थीका लागि छात्रवृति | १३४४ | १०९० | ८१ | ११२ | |
| 10 | 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ८२३७ | ६०५० | ७३ | १९६५ | |
| 11 | 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | १२७८ | ११६१ | ९१ | १२७१ | |
| 12 | 2.7.13.41 | आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदान | १८४६ | १८४६ | १०० | ४ | |
| 13 | 2.7.13.40 | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदान | २८९० | २६२० | ९१ | ५ | |
| 14 | 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २१०५ | १७६० | ८४ | २६ | |
| 15 | 2.7.13.302 | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ्क तथा विद्यालय सुपरीवेक्षण | ९६७ | ६१८ | ६४ | २६ | |
| 16 | 11.1.2.2980 | केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | ९९०० | ९३९५ | ९५ | १ | |
| 17 | 11.1.2.2986 | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक  निर्माण अनुदान | ६००० | ५५९३ | ९३ | १ | |
| | | **जम्मा** | १३०८०० | १२०००८ | ९२ | | |

*तालिका नं ३.१.२ प्रदेश सरकार तर्फको वजेट तथा खर्च विवरण रु हजारमा*

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | **खर्च प्रतिशत** | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ६५९.२२.१.३३८ | यज्ञश्वरी आ.वि. ४ कोठे विद्यालय निर्माण योजना माण्डवी ४ प्यूठान | २००० | १५९१ | ७९.५७ | १ | |
| | | जम्मा | २००० | १५९१ | ७९.५७ | | |

*तालिका नं ३.१.२ निशर्त अनुदान तर्फको वजेट तथा खर्च विवरण रु हजारमा*

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | **खर्च प्रतिशत** | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ६५९.२२.१.२०७ | स्थानीय पाठ्य सन्दर्भ सामग्री निर्माण ,छपाई तथा वितरण | १२०० | ६५४ | ५४ | | |
| २ | ६५९.२२.१.२०६ | विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघ संयोजकहरुका लागि संस्थागत व्यवस्थापन समबन्धि अभिमुखीकरण कार्यक्रम | २०० | ० | ० | | |
| ३ | ६५९.२२.१.२०१ | शिक्षा दिवस | २०० | ० | ० | | |
| ४ | ६५९.२२.१.१९५ | पढ्दै कमाउदै कार्यक्रम विद्यालयलाई अनुदान | ३०० | ३०० | १०० | | |
| ५ | ६५९.२२.१.१९६ | विषयगत शिक्षक समूह गठन छलफल अन्तर्किया | २०० | ६५ | ३३ | | |
| ६ | ६५९.२२.१.१९७ | शिक्षा  योजना निर्माण | ७०० | ३८७ | ५५ | | |
| ७ | ६५९.२२.१.१९१ | शैक्षिक क्यान्लेन्डर, शैक्षिक वुलेटिन,पाश्वचित्र,शिक्षक डायरी, मुल्याङ्कन पुस्तिका अभ्यास कार्यपुस्तिका तथा स्थानीय पाठ्यपुस्तक अद्यावधिक निर्माण तथा छपाइ | ५०० | ० | ० | | |
| ८ | ६५९.२२.१.१९९ | गाउँपालिकास्तरीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | १०० | ० | ० | | |
| ९ | ६५९.२२.१.२०२ | शिक्षक क्षमता विकास तालिम (STEAM approach, curriculum,Math Lab, ICT, IEMIS,लेखा) | ३०० | ३०० | १०० | | |
| १० | ६५९.२२.१.१९८ | सन्ततिको समुन्नतिको लागि अभिभावक/आमा शिक्षा | ५०० | ० | ० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ६५९.२२.१.२०८ | खेलकुद तथा राष्ट्रपति रनिङ्क शिल्ड र अध्यक्ष कप | २५०० | २४२४ | ९७ | | |
| १२ | ६५९.२२.१.२०३ | प्रधानाध्यापक तथा शिक्षा समिति बैठक खाजा | ३०० | २७१ | ९० | | |
| १३ | ६५९.२२.१.२०४ | विद्यालय परीक्षा शुल्क अनुदान | १००० | ७६२ | ७६ | | |
| १४ | ६५९.२२.१.१९४ | सिकाई केन्द्रहरुलाई अनुदान | १०० | १०० | १०० | | |
| १५ | ६५९.२२.१.२०५ | कक्षा ५ र  ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन | ८०० | ८०० | १०० | | |
- यस माण्डवी गाउँपालिकामा आ व २०७७/०७८ मा मात्रै संघबाट एउटा विद्यालय नमुना विद्यालयको रुपमा माण्डवी माध्यमिक विद्यालय नयाँगाउ छनौट भएको अवस्थामा उक्त विद्यालयमा भौतिक निर्माणका अनुदान प्राप्त गरी चालु आ व २०८२।०८३ मा भौतिक निर्माणका कार्यहरु निर्माण भइरहेको अवस्था छ। यसका साथै नमुना ICT ल्याव, विज्ञान प्रयोगशाला तथा पुस्तकालय निर्माण गरी कार्यान्वयन भइरहेको अवस्था छ । विद्यार्थीहरु सिकाइ सहजीकरण कार्यमा ICT तथा पुस्तकालयको प्रयोग भइरहेको अवस्था छ ।

**प्राविधिक शिक्षाः**

- माण्डवी गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित विद्यालयको संख्या र विद्यार्थी संख्याहरुको विवरणः

*तालिका नं ४.९ प्राविधिक धार सञ्चालित विद्यालय विवरण*

| क्र स | विद्यालयको नाम | प्राविधिक विषय | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | माण्डवी माध्यमिक विद्यालय नयाँगाउ | कम्प्युटर इन्जिनियरिङ्ग | ७९ | |

**विद्यालय भौतिक सुविधा**

- प्रायस मात्रमा कार्यक्रम सञ्चालन गर्दा पनि विद्यालयमा भौतिक पूर्वाधारको अवस्था लगायतका सुविधा सहितको अवस्था अझ पनि यस गाउँपालिकामा अति आवश्यक रहेको अवस्था देखिन्छ। विद्यालय भवनहरु जिर्ण अवस्थामा रहेको यसका साथै पुराना भवनहरुको सवलिकरण गर्नु पर्ने अवस्था सुविधा सम्पन्न सहितको शौचालय अझ पनि सवै विद्यालयहरुमा पुर्याउन नसकिएको अवस्था विद्यमान रहेको देखिन्छ। विद्यार्थी संख्या अनुसार कक्षाकोठाको अभावले गर्दा एउटै कक्षामा शिक्षक विद्यार्थी अनुपात भन्दा वढि रहेको अवस्थाले गर्दा शिक्षक दरवन्दी थप गर्नुका साथै भौतिक निर्माण कार्य पनि निर्माण गर्नुपर्ने देखिन्छ। यसका बावजुद पनि तपसिल अनुसारको भौतिक अवस्थाको अश्यकता रहेको देखिन्छः

*तालिका नं ४.१० आवश्यक भौतिक पूर्वाधारको विवरण*

| क्र स | भौतिक पूर्वाधारको आवश्यक संख्या | | | |
|---|---|---|---|---|
| | सुविधा सहितको शौचालय | कक्षाकोठा सवलिकरण विद्यालय | भवन सवलिकरण | नयाँ भवन |
| | २२ | १२३ | ५ | १० |

**झ) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको प्रगति विवरण** :

- आ.व. २०८२।०८३ मा विद्यालयमा विद्यालयमा भर्चुअल शिक्षण ,इलर्निङ,पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थान र सञ्चालन अनुदान श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रालाई रु १०लाख अनुदान दिइएको छ ।

विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab. पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयको अवस्था स्थानीय तह भइ सकेपछिको केही वर्ष देखि यस गाउँपालिकाले शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्याललयहरुलाई दोहोरो नपर्ने गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तरगत सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयहरुले नियमित रुपमा कार्यक्रमको कार्यान्वयन तथा प्रयोगमा ल्याएको अवस्था देखिन्छ। विगत समय देखि सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयहरुको विवरण देहाय बमोजिम रहेको छः

*तालिका नं ४.११ विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय अनुदान प्राप्त विद्यालय विवरण*

| क्र स | विद्यालयको नाम | कार्यक्रम | आ व |
|---|---|---|---|
| १ | माण्डवी माध्यमिक विद्यालय | ICT ल्याब | २०७४।७५ |
| २ | सुन्नानी आधार माध्यमिक विद्यालय | ICT ल्याब | २०७४।७५ |
| ३ | गणेश माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला | २०७४।७५ |
| ४ | कामाक्षी माध्यमिक विद्यालय | पुस्तकालय | २०७४।७५ |
| ५ | आधारभूत विद्यालयमा | ICT ल्याब शैक्षिक गुणस्तर | २०७५।७६ |

| | | | |
|---|---|---|---|
| ६ | वितरण | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | माण्डवी माध्यमिक विद्यालय | | २०७६।७७ |
| १२ | सुन्नानी आधार माध्यमिक विद्यालय | ICT ल्याब शैक्षिक गुणस्तर | २०७६।७७ |
| १३ | गणेश माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला | २०७६।७७ |
| १४ | कामाक्षी माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला | २०७६।७७ |
| १५ | बागिश्वरी माध्यमिक विद्यालय | पुस्तकालय | २०७६।७७ |
| १६ | माण्डवी माध्यमिक विद्यालय | ल्याब सुदृढीकरण अनुदान राष्ट्रपति शैक्षिक सुधार र पुस्तकालय | २०७७।७८ |
| १७ | सुन्नानी आधार माध्यमिक विद्यालय | ICT ल्याब राष्ट्रपति शैक्षिक सुधार | २०७७।७८ |
| १८ | गणेश माध्यमिक विद्यालय | पुस्तकालय र २ कोठे भवन | २०७७।७८ |
| १९ | कामाक्षी माध्यमिक विद्यालय | २ कोठे पक्की भवन | २०७७।७८ |
| २० | बागिश्वरी माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला | २०७७।७८ |
| २१ | माण्डवी माध्यमिक विद्यालय | ल्याब सुदृढीकरण अनुदान राष्ट्रपति शैक्षिक सुधार | २०७८।७९ |
| २२ | सुन्नानी आधार माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला शैक्षिक गुणस्तर र ४ कोठे पक्की भवन राष्ट्रपति शैक्षिक सुधार | २०७८।७९ |
| २३ | गणेश माध्यमिक विद्यालय | ICT ल्याब राष्ट्रपति शैक्षिक सुधार | २०७८।७९ |
| २४ | कामाक्षी माध्यमिक विद्यालय | ICT ल्याब राष्ट्रपति शैक्षिक सुधार | २०७८।७९ |

| | | | |
|---|---|---|---|
| २५ | बागिश्वरी माध्यमिक विद्यालय | ICT ल्याब शैक्षिक गुणस्तर र २ कोठे पक्की भवन राष्ट्रपति शैक्षिक सुधार | २०७८।७९ |
| २६ | भवानेश्वरी आधारभूत विद्यालय | ४ कोठे पक्की भवन | २०७८।०७९ |
| २७ | कामाक्षी माध्यमिक विद्यालय | २ कोठे पक्की भवन राष्ट्रपति शैक्षिक सुधार | २०७९।०८० |
| २८ | श्री ने रा आ वि थक्लेनी | ४ कोठे पक्की भवन राष्ट्रपति शैक्षिक सुधार | २०७९।०८० |
| २९ | सुन्नानी आधार माध्यमिक विद्यालय | ICT ल्याब राष्ट्रपति शैक्षिक सुधार | २०७९।०८० |
| ३० | गणेश आधारभूत विद्यालय ढिकावन | ICT ल्याब राष्ट्रपति शैक्षिक सुधार | २०७९।०८० |
| ३१ | गणेश माध्यमिक विद्यालय तिराम | विज्ञान प्रयोगशाला शैक्षिक गुणस्तर | २०७९।०८० |
| ३१ | कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट | विज्ञान प्रयोगशाला शैक्षिक गुणस्तर | २०८०।०८१ |
| ३२ | श्री बागिश्वरी माध्यमिक विद्यालय | विद्यालयमा भर्चुअल शिक्षण ,इलर्निङ,पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थान र सञ्चालन | २०८२।०८३ |

- **नमुना विद्यालयको शैक्षिक** तथा व्यवस्थापकी योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान अन्तरगत माण्डवी माध्यमिक विद्यालय नयाँगाउलाई रु १० लाख अनुदान दिइएको छ । उक्त विद्यालयमा शैक्षिक सत्र २०८२ मा बालविकास कक्षा देखि १२ सम्म ७६० जना र शैक्षिक सत्र २०८३ मा मिति २०८३ अषाढ मसान्तसम्म बालविकास कक्षा देखि १२ सम्म ६९३ जना विद्यार्थी अध्ययनरत रहेका छन ।
- **विपद्का** समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना **(ReAL)** कार्यान्वयन : कोभिड -१९ तथा अन्य विभिन्न कारणबाट पुगेको शैक्षिक क्षतिको कम गरी सिकाइ निरन्तरता र सिकाइ सहजीकरण गर्नका लागि विद्यालयमा नेपाली , अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषय शिक्षणका लागि कक्षा ८ र १० का विद्यार्थीका लागि प्रति विद्यार्थी ८१३ का दरले निकासा गरी उक्त विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरेको र सञ्चालन पश्चात नतिजा **endline base** मा **entry** गरी नतिजा सक्ष्लेषण गरिएको छ ।

  विद्यालयमा आ.व. २०८२।८३ मा विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना योजना **(ReAL)** कार्यान्वयनका लागि निकासा विवरण :

*तालिका नं ४.१२ विद्यालयमा (ReAL) कार्यान्वयनका लागि निकासा विवरण :*

| S.N | Ward | SchoolName | SchoolCode | class 8 std | class 10 std | total std | Amount |
|---|---|---|---|---|---|---|---|
| 1 | 4 | Shree Kamakshy Secondary School | 520170006 | 66 | 44 | 110 | 89430 |
| 2 | 4 | Yagyashwari Basic School | 520170007 | 15 | 0 | 15 | 12195 |
| 3 | 2 | Shree Sunnani Adhar Secondary School | 52032000 | 30 | 42 | 72 | 58536 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | 3 | | | | |
| 4 | 2 | Shree Ganesh Basic School | 520320005 | 18 | 0 | 18 | 14634 |
| 5 | 3 | Shree Mandavi Secondary School | 520340001 | 115 | 86 | 201 | 163413 |
| 6 | 3 | SHREE BHAWANISHWORI BASIC SCHOOL | 520340002 | 18 | 0 | 18 | 14634 |
| 7 | 3 | Shree Krishna Basic School | 520340004 | 20 | 0 | 20 | 16260 |
| 8 | 5 | Shree Nepal Rastriya Basic School | 520410001 | 11 | 0 | 11 | 8943 |
| 9 | 5 | Shree Bagishwori Secondary School | 520410003 | 30 | 21 | 51 | 41463 |
| 10 | 1 | Shree Ganesh Secondary School | 520460005 | 52 | 28 | 80 | 65040 |
| 11 | 1 | Shree Nepal Rastriya Basic School | 520460006 | 19 | 0 | 19 | 15447 |
| | | Total | | 394 | 221 | 615 | 499995 |

**ञ) माध्यमिक र आधारभूत तहमा अङ्ग्रेजी,गणित विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान कार्यान्वयनको अवस्था अनुदान प्राप्त गर्ने विद्यालयको नामावली** :

- माण्डवी गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या वढी भएका र विगतका समयमा शिक्षक दरबन्दी रहेका विद्यालयहरुमा अंग्रेजी,गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान कार्यान्वयन गर्दा समयमा अनुदान रकम निकासा नहुँदा विद्यालयहरुलाई निकासा दिन नसकिएको अवस्थामा विद्यालयमा कार्यरत रहेका अरु शिक्षकहरुले तलब भत्ता तथा सेवा सुविधा वुझ्दा शिक्षण सहयोग अनुदानमा कार्यरत रहेका शिक्षकहरु नपाउँदा अप्ठ्यारो महसुस भएको अवस्था थियो। समयमा निकासा भएको भए समयमा विद्यालयहरुलाई निकासा गर्न सजिलो हुने थियो।माण्डवी गाउपालिकाका विद्यालयहरुका शिक्षक दरबन्दी नहुँदा शिक्षण सहयोग अनुदान प्राप्त गरी रहेको हुदाँ देहाय अनुसार माण्डवी गाउँपालिका अन्तरगतका विद्यालयहरु रहेका अवस्था छः

*तालिका नं. ४.१३ माण्डवी गाउँपालिका अन्तरगतका शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरुको विवरणः*

| क्र सं | विद्यालयको नाम | शिक्षकको नाम | तह | अनुदान कोटा संख्या | विषय |
|---|---|---|---|---|---|
| १ | श्री कामाक्षी मा वि उदयपुरकोट | बसन्ती चौधरी | मा वि | १ | गणित |
| २ | श्री कामाक्षी मा वि उदयपुरकोट | सरोज के.सी. | मा वि | १ | विज्ञान |
| ३ | श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रा | ठाकुर प्रसाद नेपाली | मा वि | १ | अंग्रेजी |
| ४ | श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रा | अम्विका घर्ती मगर | मा वि | १ | गणित |
| ५ | श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रा | भिम बहादुर वि.क. | मा वि | १ | विज्ञान |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | श्री ने रा आ वि थक्लेनी | माधवा जि.सी. | नि मा वि | १ | गणित |
| ७ | श्री ने रा आ वि जुजेनेटा | सन्तोष खनाल | नि मा वि | १ | अंग्रेजी |
| ८ | श्री यज्ञश्वरी आ वि सल्लिखर्क | सिव आले मगर | नि मा वि | १ | विज्ञान |
| ९ | श्री गणेश आ वि ढिकावन | रेकम वि.क. | नि मा वि | १ | अंग्रेजी |
| | | | | ९ | |

ट) **शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम कार्यान्वयनका लागि गरिएका प्रयासहरु**

- विद्यालयमा त्रैमासिक रुपमा गरिएका विद्यालयगत निकासाहरुको विवरण त्रैमासिक रुपमा विद्यालयहरुलाई उपलब्ध गराउने गरिएको अवस्था छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्र अ वैठक मासिक रुपमा विभिन्न एजेन्डा राखी विगतका दिनमा गरिएका समिक्षाहरुको वारेमा छलफल गर्दै विभिन्न विषयवस्तुमा छलफल गरि कार्यान्वयन गरिएको अवस्था छ।
- विद्यालयमा कार्यक्रम सञ्चालन गर्नका लागि मासिक प्र अ वैठकको एजेन्डामा राखी समय र मितिमा प्रस्ताव पेश गर्ने गरी सूचना समेत गरिएको अवस्था छ।
- शिक्षकहरुको काज सरुवा लगायतका कार्यहरु गर्दा गाउँ शिक्षा समितिबाट पारित गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सहयोग गर्ने गरी शिक्षक काज सरुवा लगायतका कार्यहरु गरिएको।
- **कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण एवम् विद्यार्थी मुल्यांकनः** माण्डवी गाउँपालिका अन्तरगत परीक्षा समितिको बैठक बसी विभिन्न निर्णय गरी कक्षा १-८ र कक्षा ९ को आवधिक मूल्याङ्कन र अन्तरिक मूल्याङ्कन गरी मूल्याङ्कन गरिने यसका साथै परियोजना , कक्षा १-३ को मुल्याङ्कन पुस्तिकाका आधारमा मुल्याङ्कन, विद्यार्थीको सहभागिता, अनुशासन, अर्धवार्षिक परीक्षा लगायतका मापदण्डहरुको आधारमा विद्यार्थी मूल्याङ्कन गरिएको अवस्था छ । परीक्षा शुलकवापत कुनै रकम नलिने गरी कक्षा १-८ सम्मका लागि त्रैमासिक, अर्धबार्षिक र बार्षिकरुपमा विद्यालयलाई परीक्षा शुल्क अनुदान स्थानीय स्रोतबाट निकासा दिइएको छ ।माण्डवी गाउँपालिका अन्तरगत विद्यायमा कार्यरत शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरी विषयगत शिक्षक समूह गठन गरी प्रश्नपत्र निर्माण र मुल्याङ्कन गरेको अवस्था छ । जस अन्तरगत शैक्षिक सत्र २०८२ मा कक्षा ८ र १० को नतिजा निम्नानुसार रहेको छः

*तालिका नं. ४.१४ शैक्षिक सत्र २०८२ मा कक्षा ८ को नतिजा विवरण*

| क्र.स. | विद्यालयको नाम | परीक्षा सम्मिलित विद्यार्थी संख्या | | | ग्रडेड विद्यार्थी संख्या | | | ग्रडेड प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८० | २०८१ | २०८२ | २०८० | २०८१ | २०८२ | |
| १ | श्री गणेश माध्यमिक विद्यालय तिराम | ३२ | ३४ | २१ | ० | १७ | ४ | ० | ५० | १९ | सबै विषय मा |
| २ | श्री सुन्नानी आधार माध्यमिक विद्यालय मर्कावाङ्ग | २८ | ४४ | ४० | ० | ११ | १७ | ० | २५ | ४३ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री माण्डवी माध्यमिक विद्यालय नयाँगाउ | १०१ | १५१ | ७९ | १२ | ३४ | ४७ | १२ | २३ | ५९ | 1.6 GPA भए मात्र ग्रडेड |
| ४ | श्रीकामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट | ४९ | ५४ | ४० | १ | १८ | ६ | २ | ३३ | १५ | |
| ५ | श्री बागिश्वरी माध्यमिकविद्यालय तिग्रा | २५ | २२ | २१ | ६ | ११ | १८ | २४ | ५० | ८६ | |
| | जम्मा | २३५ | ३०५ | २०१ | १९ | ९१ | ९२ | ८ | ३० | ४६ | |

*तालिका नं. ४.१४ शैक्षिक सत्र २०८२ मा कक्षा ८ को नतिजा विवरण*

| क्र.स. | विद्यालयको कोड | विद्यालयको नाम | वडा नं. | परीक्षामा सहभागी विद्यार्थी संख्या | वर्गीकृत(उत्तीर्ण) | अवर्गीकृत(अनुत्तीर्ण) | वर्गीकृत(उत्तीर्ण) प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५२०३४०००७ | प्यूठान सनराइज एकेडमी | ३ | १८ | १८ | ० | १०० | |
| २ | ५२०४१०००३ | श्री बागिश्वरी माध्यमिक विद्यालय | ५ | ३० | २६ | ४ | ८७ | |
| ३ | ५२०३४०००२ | श्री भवानीश्वरी आधारभूत विद्यालय | ३ | १८ | १३ | ५ | ७२ | |
| ४ | ५२०३२०००५ | श्री गणेश आधारभूत विद्यालय | २ | १८ | १० | ८ | ५६ | |
| ५ | ५२०४६०००५ | श्री गणेश माध्यमिक विद्यालय | १ | ४७ | ४५ | २ | ९६ | |
| ६ | ५२०१७०००६ | श्री कामाक्षी माध्यमिक विद्यालय | ४ | ६६ | ५५ | ११ | ८३ | |
| ७ | ५२०३४०००४ | श्री कृष्ण आधारभूत विद्यालय | ३ | १६ | १६ | ० | १०० | |
| ८ | ५२०३४०००१ | श्री माण्डवी माध्यमिक विद्यालय | ३ | १०२ | ७८ | २४ | ७६ | |
| ९ | ५२०४६०००६ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | १ | १८ | १५ | ३ | ८३ | |
| १० | ५२०४१०००१ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ५ | ११ | १० | १ | ९१ | |
| ११ | ५२०३२०००३ | श्री सुन्नानी आधार माध्यमिक विद्यालय | २ | २८ | २३ | ५ | ८२ | |
| १२ | ५२०१७०००७ | श्री यज्ञश्वरी आधारभूत विद्यालय | ४ | १६ | ९ | ७ | ५६ | |
| | | जम्मा विद्यार्थी | | ३८८ | ३१८ | ७० | ८२ | |

- **शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धनका** लागि विद्यायमा **IEMIS** चलाउने शिक्षकहरुका लागि क्षमता विकास तालिम, कार्यशाला ,गोष्ठी सञ्चालन गरी **IEMIS** अद्यावधिक विद्यालयद्धारा भरिएको/अद्यावधिक गरिएको विवरणको सत्यापन तथा माण्डवी गाउँपालिकाको दश बर्षे गाउ शिक्षा योजना निर्माण तथा स्वीकृत र बार्षिक शैक्षिक प्रतिवेदन तयार गरिएको छ ।
- **विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत** सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयनका लागि आ.व. २०८२।०८३ मा विद्यालयहरुले विभिन्न किसिमका अतिरिक्त कार्यहरुको थालनी संगै शिक्षकको पेशागत विकासका लागि विभिन्न विद्यालय तथा सुपरिवेक्षण कार्य गरिएको छ ।
- **आधारभूत तथा माध्यमिक विद्यालयका IT** स्रोत शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमताविकास तालिम माण्डवी गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयमा कार्यरत ५५ जना (प्रधानाध्यापक, शिक्षक र कर्मचारीका ) लागि २ दिने **ICT** क्षमता विकास तालिम सञ्चालन गरिएको छ ।
- **एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम** आ.व. २०८२।०८३ मा माण्डवी गाउपालिका अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १-३मा शिक्षण गर्ने २८ जना शिक्षकहरुका लागि उक्त तालिम शिक्षकहरुलाई नयाँ पाठ्यक्रम अनुसार प्राठ्यक्रम प्रावोधिकरण तालिम सञ्चालन गरिएको।कक्षा १-३ अध्यापन गर्ने शिक्षकहरुका लागि पाठ्यक्रम प्रबोधिकरण र मुल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गरेको । शिक्षकको पेशागत विकासका लागि कक्षा आधारभुत तथा माध्यमिक तहका शिक्षकहरुलाई क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम शिक्षक क्षमता विकास तालिम सञ्चालन गरी शिक्षकहरुको पेशागत विकासमा सहयोग भएको अवस्था छ ।
- **स्थानीय तहको साझेदारीमा विद्यालय** भौतिक सर्वेक्षण तथा नक्शाङ्कनका लागि प्रति विद्यालय रु १२ सयका दरले विद्यालयमा निकासा गरी IEMIS फोकल शिक्षकलाई उक्त विवरण अध्यावधिक गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।
- **बालिका तथा समावेशी शिक्षा सञ्जाल** तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल र स्थानीय तह स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन समेत गरिएको छ ।
- **विपन्न लक्षित छात्रवृतिका लागि** छनौट भएका विद्यार्थीका लागि छात्रवृति शैक्षिक सत्र २०८३मा कक्षा ७ मा अध्ययनरत ७३ जना विद्यार्थी र कक्षा १० मा अध्ययनरत विद्यार्थी ३९ जना गरी जम्मा ११२ जनालाई प्रति विद्यार्थी रु ६००० विद्यार्थीको व्यत्तिगत खातामा निकासा गरिएको छ ।
- **सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका** लागि विद्यालयबाट आवश्यक सेनटरी प्याड माग गरी सोही अनुसार कक्षा ५-१२ सम्म अध्ययनरत विद्यार्थी जम्ममा १२७१ जनालाई उक्त प्याड आवश्यक रहेकाले सोही अनुसार खरिद गरी वितरण कार्य गरेको छ ।यस कायक्रमले बालिकाहरु कक्षा छाड्ने र भाग्ने दर कम भएको छ ।

## ठ) स्थानीय तहले अन्तरिक स्रोत अन्तरगत सञ्चालित कार्यक्रमहरु तथा उपलव्धि

स्थानीय तहले अन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरुको विवरणः

*तालिका नं ४.१५ स्थानीय तहको आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरु*

| क्र.स. | शीर्षक | कैफियत |
|---|---|---|
| १ | स्थानीय पाठ्य सन्दर्भ सामग्री निर्माण ,छपाई तथा वितरण | |
| २ | विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघ संयोजकहरुका लागि संस्थागत व्यवस्थापन | |

| | | |
|---|---|---|
| | समबन्धि अभिमुखीकरण कार्यक्रम | |
| ३ | शिक्षा दिवस | |
| ४ | पढ्दै कमाउदै कार्यक्रम विद्यालयलाई अनुदान | |
| ५ | विषयगत शिक्षक समूह गठन छलफल अन्तर्किया | |
| ६ | शिक्षा योजना निर्माण | |
| ७ | शैक्षिक क्यान्लेन्डर, शैक्षिक वुलेटिन,पाश्वचित्र,शिक्षक डायरी, मुल्याङ्कन पुस्तिका अभ्यास कार्यपुस्तिका तथा स्थानीय पाठ्यपुस्तक अद्यावधिक निर्माण तथा छपाइ | |
| ८ | गाउँपालिकास्तरीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | |
| ९ | शिक्षक क्षमता विकास तालिम (STEAM approach, curriculum,Math Lab, ICT, IEMIS,लेखा) | |
| १० | सन्ततिको समुन्नतिको लागि अभिभावक/आमा शिक्षा | |
| ११ | खेलकुद तथा राष्ट्रपति रनिङ्क शिल्ड र अध्यक्ष कप | |
| १२ | प्रधानाध्यापक तथा शिक्षा समिति बैठक खाजा | |
| १३ | विद्यालय परीक्षा शुल्क अनुदान | |
| १४ | सिकाई केन्द्रहरुलाई अनुदान | |
| १५ | कक्षा ५ र ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन | |
| १६ | विद्यालयलाई शैक्षिक संस्था गुणस्तर तथा सुदृढीकरण अनुदान | |
| १७ | रेडक्रस स्काउट | |
| १८ | डाक्टर इन्जिनियर छात्रवृति | |
| १९ | साझेदारीमा विद्यालय भवन निर्माण | |
| | जम्मा | |

**यस कार्यक्रमबाट भएका उपलब्धिहरुः**

1. सबै वालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निःशुल्क आधारभूत शिक्षा सुनिश्चित तयारी गरिएको।
2. शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि तहगत स्थायी शिक्षकहरुलाई प्र.अ. व्यवस्थापन तथा प्र अ हरु सँग करार सम्झौता गरी कार्यान्वयन भएको।
3. विद्यार्थी सख्याको आधारमा शिक्षक सख्या अपुग भएको साविकको नि.मा.वि र मा.वि.मा विषयगत शिक्षक र विद्यार्थी सख्याको आधारमा १४ जना गाउँ शिक्षक व्यवस्थापन गरिएको।
4. शिक्षकहरुलाई पेशागत क्षमता विकास तालिम सञ्चालन गरिएको।
5. संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको।
6. सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्चता तथा सरसफाईका लागि सेनिटरी प्याडको ब्यबस्था गरिएको।

७. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षामा नयाँ नयाँ योजना तथा अभियान सञ्चालन गरिएको।जस्तै (सार्वजानिक विद्यालय रुपान्तरणका लागि मेरो १दिन, आफ्नो विद्यालय आफै बनाऊ ,वडा स्तरिय समिक्षा, अभिभावक शिक्षा सञ्चालन)
८. हाम्रो माण्डवी हाम्रो गौरव  स्थानीय पाठ्यक्रम,स्थानीय सन्दर्भ सामग्री कक्षा१-८ सम्म निर्माण गरिएको
९. दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८२-२०९२ निर्माण गरिएको
१०. विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्य गरिएको
११. उच्च शिक्षाका लागि माण्डवी गाउँपालिकाका विद्यार्थीलाई डाक्टर इन्जिनियर छात्रवृति प्रदान गरिएको आदि।

# परिच्छेद–५

## असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू

### ५.१ अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम

❖ नेपाल संघियतामा विभाजन भए पश्चात सम्पूर्ण शिक्षा क्षेत्रको विभिन्न कार्यहरु स्थानीय तहबाटै हुने गरेको परिस्थितिमा विभिन्न संघ संस्थाहरु पनि स्थानीय निकायमा समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गरेको अवस्था देखिदैन ।

*तालिका नं ५.१.१ अन्य संस्थासँगको साझेदारी कार्यक्रम*

| क्र स | संघसंस्थाको नाम ठेगाना | साझेदारीमा सञ्चालिक कार्यक्रमहरु |
|---|---|---|
| | कुनै पनि संघसंस्था नरहेको | शिक्षामा यो आर्थिक वर्ष कुनै संघस्थाले कार्य नगरेको |

### ५.२. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

यस गाउँपलिकाले शिक्षा क्षेत्रमा गरेका असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यहरु

❖ विद्यार्थी संख्या अनुसार दरबन्दी कम भएका विद्यालयमा गाउँ शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापन
❖ आधारभूत तहमा ICT का साथै प्रिन्टर र कम्प्युटर व्यवस्थापन
❖ माण्डवी गाउँपालिका भित्रका विपन्नलक्षित वर्हरुका डाक्टर इन्जिनियर छात्रवृति वितरण
❖ हाम्रो माण्डवी हाम्रो गौरव  स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री निर्माण तथा वितरण गरिएको
❖ शिक्षक डायरी, शैक्षिक क्यालेन्डर निर्माण गरि कार्यान्वयनमा ल्याएको।
❖ दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८२-२०९२ निर्माण गरिएको
❖ विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्य गरिएको
❖ एकीकृत पाठ्यक्रम क्षमता विकास,सबै वालविकासका शिक्षहरुलाई ३ दिने मन्टेश्वरी तालिम,IEMIS तथा ICT तालिम र शिक्षकहरुलाई नयाँ पाठ्यक्रम प्रबोधिकरण तालिम संचालन
❖ अभिभावक शिक्षा तथा समितिका पदाधिकारीलाई क्षमता विकास तालिम संचालन गरिएको
❖ राष्ट्रपति रनिङ्ग सिल्ड, अध्यक्ष कप संचालन गरिएको
❖ वर्षे विदामा अनिवार्यरुपमा सबै विद्यार्थीलाई परीयोजना कार्य दिईएको सोको कार्यान्वयबारे विद्यालयलाई जिम्मेवार बनाएको

- ❖ उत्कृष्ठ कार्यसम्पादन भएका विद्यालय व्यबस्थापन समिति अध्यक्ष तथा शिक्षकहरु र उत्कृष्ठ नतिता ल्याउने विद्यार्थीलाई सम्मान कार्यक्रम संचालन गरिएको
- ❖ कक्षा १-३ मा सबै विद्यार्थीलाई पुग्ने गरि मूल्याङ्कन पुस्तिका वितरण गरिएको अनिवार्य विद्यार्थीको कार्यसंचयिका निर्माण गर्ने वातावरण निर्माण गरिएको र एकीकृत कस्टमाइज २ दिने तालिम सञ्चालन गरिएको ।
- ❖ बार्षिक परीक्षालाई मर्यादित र व्यबस्थित गर्ने पालिका स्तरीय परीक्षा संचालन गरीएको,उत्तरपुस्तिका परीक्षण फरक विद्यालयले परीक्षण गरेको र कक्षा ८ नतिजा गाउँपालिकाले नै प्रकाशित गरेको ।
- ❖ विद्यालय अनुगमनको लागि कार्ययोजना निर्माण गरी जनप्रतिनिधि विषयगत समितिको सयुक्त अनुगमन तथा विद्यालय सुपरीवेक्षण गरेको

### ५.३ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू,

**समग्र कार्यक्रमको प्रमुख उपलब्धिहरुः**

1. सबै वालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित तयारी गरिएको।
2. शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि तहगत स्थायी शिक्षकहरुलाई प्र.अ. व्यवस्थापन तथा प्र अ हरु सँग करार सम्झौता गरी कार्यान्वयन भएको।
3. विद्यार्थी सख्याको आधारमा शिक्षक सख्या अपुग भएको साविकको नि.मा.वि र मा.वि.मा विषयगत शिक्षक र विद्यार्थी सख्याको आधारमा १४ जना गाउँ शिक्षक व्यवस्थापन गरिएको।
4. शिक्षकहरुलाई पेशागत क्षमता विकास तालिम सञ्चालन गरिएको।
5. संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको।
6. सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्चता तथा सरसफाईका लागि सेनिटरी प्याडको ब्यबस्था गरिएको।
7. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षामा नयाँ नयाँ योजना तथा अभियान सञ्चालन गरिएको।जस्तै (सार्वजानिक विद्यालय रुपान्तरणका लागि मेरो १दिन, आफ्नो विद्यालय आफै बनाऊ ,वडा स्तरिय समिक्षा, अभिभावक शिक्षा सञ्चालन)
8. हाम्रो माण्डवी हाम्रो गौरव स्थानीय पाठ्यक्रम, स्थानीय सन्दर्भ सामग्री कक्षा१–८ सम्म निर्माण गरिएको
9. माण्डवी गाउँपालिकाको गाउँ शिक्षा नीति २०८०,शिक्षा ऐन २०८०, दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८२–२०९२ निर्माण गरिएको
10. विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्य गरिएको
11. उच्च शिक्षाका लागि माण्डवी गाउँपालिकाका विद्यार्थीलाई डाक्टर इन्जिनियर छात्रवृति प्रदान गरिएको आदि ।
12. विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि ECD स.का. लगायत विद्यालय कर्मचारीहरुको उच्च मनोबल बढाइ शैक्षिक गुणस्तरमा सुधार हुने उद्देश्यले थप प्रोत्साहन भत्ताको व्यवस्था गरेको। (३४ जना ECD स.का. र ३१ जना विद्यालय कर्मचारीहरु)
13. स्थानीयतहमा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम संचालनमा रहेका।
14. विद्यालयलाई दिनु पर्ने अनुदान ( छात्रवृत्ति, बुक कर्नर, सामाजिक परिक्षण लगायत, व्यबस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत नियतिमत कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको तर विद्यालयले कार्यसम्पादन गरिरहेका।
15. दिवाखाजा विद्यार्थी संख्या बमोजिम विद्यालयले भरेको फारम अनुसार निकासा २०८३ साल असार महिना सम्म सवै विद्यालयहरुलाई निकासा दिएको।
16. विद्यालयलाई उपलब्ध गराउने निःशुल्क पाठ्यपुस्तक अनुदान रकम स्थानीयले विद्यालयहरुलाई १००% निकासा गरेको।

17. माण्डवी गाउँपालिकाले  हाम्रो माण्डवी हाम्रो गौरव नामक पाठ्यक्रम कक्षा(१-८) निर्माण गरी सर्वजानिकिकरण गरिएको र पाठ्यपुस्तक विद्यार्थीको हात हातमा पुर्‍याएको ।

## ५.४ चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू

**चुनौती तथा समस्याहरु**

- समयमा मन्त्रालय तथा केन्द्रबाट निर्णय/निर्देशन नदिनु
- बजेट व्यबस्थापन अन्तिम अबस्थामा गर्नु (राष्ट्रपति शैक्षिक सुधार र अपुग शिक्षक तलब भत्ता)
- स्थानीयतहलाई SESP कार्यक्रम संचालन सम्बन्धी प्रभावकारी क्षमता विकास कार्यक्रम नहुनु
- जनप्रतिनिधिले कार्यपालिकाको निर्णय गरि शसर्त अनुदान रकम अन्यत्र खर्च गर्नु
- जनप्रतिनिधिको (केही बाहेक) शिक्षा प्रति चासो कम राख्नु
- समयमा विद्यालय व्यबस्थापन समिति गठन नहुनु
- कार्यक्रम कार्यान्वयन पुस्तिका र स्थानीयतहले खर्च गर्ने प्रक्रियामा एकरुपता नहुनु
- कर्मचारी व्यबस्थापन हुन नसक्नु
- शिक्षक तथा विद्यार्थी संक्रमित हुदाँ मनोवैज्ञानिक असर पर्नु र शिक्षण सिकाई क्रियाकलाप ठप्प रहनु
- विद्यार्थीको मूल्याङ्कन प्रक्रियामा अन्यौल रहनु
- विद्यालयमा शैक्षिक गतिविधि तथा भौतिक निर्माणका काम ठप्प रहुनु
- अभिभावकको शैक्षिक स्तर कमजोर भएकाले घरमा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न कठिन
- वैकल्पिक तरिकाबाट शिक्षण सिकाइ संचालन गर्न स्थानीयतहले बजेट तथा अन्य ब्यबस्थापन गर्न नुसक्नु तथा शिक्षा प्रति चासो नदिनु

**सिकाई तथा अवसर/समस्या समाधानका उपायहरु**

- निकासा लगायत अन्य विद्यालय गतिविधि समयमा संचालन गर्नुपर्ने
- परिस्थिति अनुकुल कार्यक्रम संचालन गर्नुपर्ने
- नियमित जनप्रतिनिधि र कर्मचारी विच समुधुर सम्बन्ध गराउने
- क्षमता विकासका कार्यक्रमलाई प्रभावकारी तरिकाबाट अगाडि बढाउने
- वैकल्पिक विधि/तरिका अपनाई शैक्षिक गतिविधि संचालन गर्ने
- स्थानीयतहलाई आवश्यक पर्ने बजेट तथा अन्य आवश्यक ब्यबस्था गरी शिक्षक तथा विद्यार्थीमा मनोबैज्ञानिक त्रास हटाउने
- विद्यालयमा हुने भौतिक निर्माण तथा अन्य निर्माण कार्य लाई स्वास्थ्य मापदण्ड प्रयोगरी सम्पन्न गर्नुपर्ने
- शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता समयमा निकासा गरिनु पर्ने।
- बाल विकास तथा कर्मचारीहरुको तलबको विषयमा केन्द्रबाट नै वजेटको व्यवस्था गर्नुपर्ने।

**आगामी दिनका लागि सुझावहरु**

- समयमा मन्त्रालय तथा केन्द्रले निकासा दिनुपर्ने
- समयमा नै निर्देशन, निर्णय तथा अब के गर्ने भन्नेबारे जानकारी दिनुपर्ने
- कुनै नयाँ कार्यक्रम संचालन गर्दा दोस्रो चौमासिकको पौष महिना भित्र संचालन गर्नुपर्ने
- आर्थिक बर्षको अन्तिममा कार्यक्रमको लागि बजेट नदिने
- विद्यालयहरु विच नियमित सहकार्य, छलफल तथा समन्वय गर्न कार्यक्रम संचालन गर्नु पर्ने
- स्थानीयतहमा शिक्षाको अधिकार संगसंगै कर्तव्य तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने

- यो बर्ष कार्यसम्पन्न गर्न नसक्ने भौतिक निर्माणका कार्यक्रमलाई अर्को आ.व.मा संचालन गर्ने गरी निती निर्माण गर्नेपर्ने
- अबस्था अनुसारको वैकल्पिक शिक्षा संचालनको लागि मन्त्रालयले प्रयाप्त मात्रमा वजेट समयमा नै स्थानीयतहमा दिनुपर्ने
- समायोजन पाठ्यक्रमलाई नै प्राथमिता दिने एक शैक्षिक शत्र भन्दा पनि कति कार्यघन्टा विद्यार्थीले सिक्नु पर्ने हो सो अनुसारको सामाग्री तथा वैकल्पिक व्यबस्था गर्नुपर्ने
- कुनै पनि निर्णय तत्काल गर्नुपर्ने र सो गर्न स्थानीयतहहरु संग पनि छलफल गर्नुपर्ने
- स्थानीयतहलाई शसर्त अनुदान भन्दा पनि केही खुकुलो खालको हुने गरि बजेट दिनुपर्ने।स्थानीयतह लुटने मात्रहुन केही जान्दैनन भन्ने केन्द्रीय मानसिकता त्याग्नु पर्ने
- विद्यालयमा दिने बजेट प्रयाप्तमात्रको हुनुपर्ने कनिका छरे जस्तो होईन
- विद्यालयले Innovative कार्य संचालन गर्न कुनै वजेट हुदैन सो व्यबस्था गर्ने
- प्राविधिक धारका विद्यालयहरु निर्माण वा अनुमतिमा जोड दिने
- शिक्षकको क्षमता विकासमा ध्यान दिने
- ECD मा धेरै लगानी गर्ने
- शिक्षा ऐन नीती निर्माण भएकोमा कार्यान्वयन गर्नुपर्ने
- प्राप्त मात्रमा शिक्षक क्षमता विकास तालिम सञ्चालन गर्नुपर्ने
- समय अनुकुल प्राविधि सीप क्षमता विकास जस्ता तालिम सञ्चालन गर्नु पर्ने
- विद्यार्थीको विद्यालयमा पहुँच भयो,केहीमात्रा गुणस्तर पनि ठिक छ तर विद्यार्थी टिकाउने र आर्थिकरुपले विपन्न विद्यार्थी र अभिभावक विहीन बालबालिकाको बारेमा प्रयाप्तमात्रामा निती तथा कार्यक्रम संचालन गर्ने
- सबै माध्यमिक विद्यालयमा E-library,Digital book,ICT,Science Lab तथा अन्य नविनतम प्रविधिमा जोड दिने
- पठन सीपको विकासका लागि कार्यक्रम संचालन गर्ने
- दिवा खाजालाई व्यवस्थित गर्न रु २० बनाउनु पर्ने र तालिमको कार्यक्रम संचालन गर्ने
- स्वच्छ खाने पानी तथा नयाँ प्रविधिका शौचालय तथा भौतिक निर्माण गर्ने

# अनुसूचीहरू

*चालु आ व २०८२।८३ मा सञ्चालित प्रमुख कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगतिको तालिका*

*शसर्त र निशर्त अनुदान तर्फको भौतिक तथा वित्तिय प्रगति विवरण आ व २०८२/०८३*

| संघीय सरकार सशर्त अनुदान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | खर्च प्रतिशत | भौतिक प्रगति | कैफियत |
| 1 | 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ५८९०० | ५४८७६ | ९३ | ९३ | |
| 2 | 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक/कर्मचारी, प्राविधिक धारका समेत) | २३७०० | २२२०६ | ९४ | ३२ | |
| 3 | 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १०३३७ | १०३३७ | १०० | ६४ | |
| 4 | 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि : शुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/मातृभाषाको समेत) | ३१९९ | २४३७ | ७६ | ३४१६ | |
| 5 | 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत ) | ८५० | ६७० | ७९ | २ | |
| 6 | 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २५०० | २५०० | १०० | २६ | |
| 7 | 2.7.13.3 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजीटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | २१४४ | २०४३ | ९५ | ३९७२ | |
| 8 | 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका | ६०३ | ३९८ | ६६ | ९२२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | | | | | |
| 9 | 2.7.13.305 | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत )विद्यार्थीका लागि छात्रवृति | १३४४ | १०९० | ८१ | ११२ | |
| 10 | 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ८२३७ | ६०५० | ७३ | १९६५ | |
| 11 | 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | १२७८ | ११६१ | ९१ | १२७१ | |
| 12 | 2.7.13.41 | आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदान | १८४६ | १८४६ | १०० | ४ | |
| 13 | 2.7.13.40 | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदान | २८९० | २६२० | ९१ | ५ | |
| 14 | 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २१०५ | १७६० | ८४ | २६ | |
| 15 | 2.7.13.302 | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ्क तथा विद्यालय सुपरीवेक्षण | ९६७ | ६१८ | ६४ | २६ | |
| 16 | 11.1.2.2980 | केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | ९९०० | ९३९५ | ९५ | १ | |
| 17 | 11.1.2.2986 | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक  निर्माण अनुदान | ६००० | ५५९३ | ९३ | १ | |
| | | **जम्मा** | **१३०८००** | **१२०००८** | ९२ | | |
| | | | **प्रदेश कार्यक्रम** | | | | |
| 19 | ६५९.२२.१.३३८ | यज्ञश्वरी आ.वि. ४ कोठे विद्यालय निर्माण योजना माण्डवी ४ प्यूठान | २००० | १५९१ | ७९.५७ | १ | |
| | | जम्मा | २००० | १५९१ | ७९.५७ | | |
| | | | **गाउँपालिका तर्फ** | | | | |
| १ | ६५९.२२.१.२०७ | स्थानीय पाठ्य सन्दर्भ सामग्री निर्माण ,छपाई तथा वितरण | १२०० | ६५४ | ५४ | | |
| २ | ६५९.२२.१.२०६ | विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघ संयोजकहरुका लागि संस्थागत व्यवस्थापन समबन्धि अभिमुखीकरण कार्यक्रम | २०० | ० | ० | | |
| ३ | ६५९.२२.१.२०१ | शिक्षा दिवस | २०० | ० | ० | | |
| ४ | ६५९.२२.१.१९५ | पढ्दै कमाउदै कार्यक्रम विद्यालयलाई अनुदान | ३०० | ३०० | १०० | | |
| ५ | ६५९.२२.१.१९६ | विषयगत शिक्षक समूह गठन छलफल अन्तर्किया | २०० | ६५ | ३३ | | |
| ६ | ६५९.२२.१.१९७ | शिक्षा  योजना निर्माण | ७०० | ३८७ | ५५ | | |
| ७ | ६५९.२२.१.१९१ | शैक्षिक क्यान्लेन्डर, शैक्षिक वुलेटिन,पाश्वचित्र,शिक्षक डायरी, मुल्याङ्कन | ५०० | ० | ० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुस्तिका अभ्यास कार्यपुस्तिका तथा स्थानीय पाठ्यपुस्तक अद्यावधिक निर्माण तथा छपाइ | | | | | |
| ८ | ६५९.२२.१.१९९ | गाउँपालिकास्तरीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | १०० | ० | ० | | |
| ९ | ६५९.२२.१.२०२ | शिक्षक क्षमता विकास तालिम (STEAM approach, curriculum,Math Lab, ICT, IEMIS,लेखा) | ३०० | ३०० | १०० | | |
| १० | ६५९.२२.१.१९८ | सन्ततिको समुन्नतिको लागि अभिभावक/आमा शिक्षा | ५०० | ० | ० | | |
| ११ | ६५९.२२.१.२०८ | खेलकुद तथा राष्ट्रपति रनिङ्क शिल्ड र अध्यक्ष कप | २५०० | २४२४ | ९७ | | |
| १२ | ६५९.२२.१.२०३ | प्रधानाध्यापक तथा शिक्षा समिति बैठक खाजा | ३०० | २७१ | ९० | | |
| १३ | ६५९.२२.१.२०४ | विद्यालय परीक्षा शुल्क अनुदान | १००० | ७६२ | ७६ | | |
| १४ | ६५९.२२.१.१९४ | सिकाई केन्द्रहरुलाई अनुदान | १०० | १०० | १०० | | |
| १५ | ६५९.२२.१.२०५ | कक्षा ५ र  ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन | ८०० | ८०० | १०० | | |
| १६ | ६५९.२२.१.१९३ | विद्यालयलाई शैक्षिक संस्था गुणस्तर तथा सुदृढीकरण अनुदान | २०११९ | १५२५९ | ७६ | | |
| १७ | ६५९.२२.१.२०० | रेडक्रस स्काउट | १००० | ० | ० | | |
| १८ | ६५९.२२.१.१९२ | डाक्टर इन्जिनियर छात्रवृति | ५०० | ५०० | १०० | | |
| १९ | ६५९.२२.१.२०९ | साझेदारीमा विद्यालय भवन निर्माण | १५०० | ० | ० | | |
| | जम्मा | | ३२०१९ | २१८२२ | ६८ | | |